का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ फागुन २०८१,
बिहीबार
6 March, 2025
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह


राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक ३२ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



# रोकिएन कुप्रथा निशानामा निमुखा




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ फागुन ।

१ पुस २०८१ मा कैलालीको भजनी नगरपालिका- १ गौनैयाकी हसिना चौधरीमाथि निर्घात कुटपिट भयो । प्रहरीका अनुसार हसिनामाथि कुटपिट हुनुको कारण हो- बोक्सीको आरोप ।

गाउँका गुरुबा भनिने मनोज चौधरीले बोक्सीको आरोप लगाएका थिए । त्यसपछि आफूमाथि कुटपिट भएको बयान हसिनाले प्रहरीलाई दिएकी छन् ।

हसिनाको परिवार पनि आर्थिक रूपमा कमजोर छ । हसिनाले बोक्सीको आरोपमा कुटाइ खाँदा उनका श्रीमान् साथमा थिएनन् । कमाउन भनेर भारत थिए । कुटपिट भएको भोलिपल्ट भारतमा रहेका श्रीमान्लाई फोन गरेर बोलाइन् र प्रहरीमा उजुरी दिइन् ।

उजुरी दिएको थाहा पाएपछि ४ पुसमा फेरि कुटपिटमा परिन् । उनले प्रहरीलाई दिएको वयानअनुसार त्यस दिन ११-१२ जनाको समूहले घरमै गएर कुटे ।

कपालमा लछ्याउँदै गुरुबा भन्ने मनोजको घर पुऱ्याए । आँगनमा बिछ्याइएको परालमा सुताए । त्यसपछि केहीले लट्ठीले हाने, कसैले लात्ताले हाने । शरीरमा पानी खन्याए । 'बोक्सी हुँ भन्' भन्दै कबोल गर्न लगाए । हसिनाले 'म बोक्सी होइन' भनिरहिन् ।

बोक्सीको आरोपमा समूहले नै कुटपिट गरिरहँदा गाउँले रमिते बनिरहे । कुटपिट चलिरहेका बेला भारतबाट फर्किएका श्रीमान् त्यस स्थलमा पुगे ।

कुनै फिल्मी कथा जस्तो लाग्ने यो घटनामा धेरै प्रत्यक्षदर्शी थिए । कसैले >>> पृष्ठ २ मा

एकातिर समाज शिक्षित हुँदै छ, नागरिकको चेतनास्तर बढेको छ, अर्कातिर बोक्सी जस्तो कुप्रथा रोकिएको छैन । अर्थात्, लामो समयदेखि अन्धविश्वासको जगमा अडिएको बोक्सी प्रथा अझै समाजले तोड्न सकिरहेको छैन

फोहोरमैलाको उचित व्यवस्थापन गरौं ।

- घरवरिपरी तथा सार्वजनिक स्थानमा फोहोर नफालौं,
- फोहरलाई डस्विन वा फोहोर संकलन केन्द्रमा मात्रै फालौं,
- सकेसम्म प्लास्टिक प्रयोग नगरौं,
- प्लास्टिक तथा अन्य फोहरलाई नजलाऔं,
- कुहिने, नकुहिने र पुन:प्रयोग गर्न मिल्ने गरी छुट्टाछुट्टै भाडामा फोहोर राखौं ।

*फोहोरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहयोग गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# कुलमानका नाममा राजनीतिक राप



प्राधिकरणले मन्त्रालयको समानान्तर गतिविधि गर्ने भन्ने हुँदैन, आफूले गरेका काम कारबाहीबारे मन्त्रालयलाई जानकारी दिनुपर्छ

**■ दीपक खड्का**
**मन्त्री, ऊर्जा, जलस्रोत तथा सिँचाइ**



एउटा कुलमानलाई लखेट्यो भने हामी हजारौं कुलमान लिएर आउने छौं

**■ मनीष झा**
**कार्यबाहक प्रवक्ता, रास्वपा**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २१ फागुन ।

बुधबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई स्पष्टीकरण सोध्ने निर्णय गरेको छ । यसअघि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले उनलाई ४ पटक स्पष्टीकरण सोधिसकेको छ । घिसिङले मन्त्रालयको क्षेत्राधिकारमाथि नै प्रश्न उठाएर जबाफ लेखेपछि मन्त्रिपरिषद्ले उनलाई स्पष्टीकरण सोधेको हो ।

मन्त्रिपरिषद्बाट स्पष्टीकरण सोध्दै घिसिङलाई पदबाट हटाउने तयारी गरेको भनेर विपक्षी दलहरूले प्रश्न उठाएका छन् । सरकारले भने कार्यसम्पादन मूल्यांकनमा केन्द्रित भएर स्पष्टीकरण सोधेको तर्क गरेको छ ।

अर्थात्, घिसिङका नाममा राजनीतिक राप बढ्दो क्रममा छ । नेपाल सरकारको एउटा कर्मचारीको कार्यसम्पादन मूल्यांकन, नियमित गतिविधि र जिम्मेवारीका विषयमा सरकारले निर्णय लिन सक्ने भए पनि यो विषय अहिले सत्ता र प्रतिपक्षबीच प्रतिष्ठाको लडाइँ बनेको हो ।

कार्यकारी निर्देशक घिसिङ सरकारले नियुक्ति गरेका एउटा कर्मचारी भएकाले उनको कार्यसम्पादन मूल्यांकनसहित नियमित गतिविधिका आधारमा सरकारले हटाउने वा राख्ने निर्णय लिन सक्छ । यद्यपि, विश्वासयोग्य र चित्तबुझ्दो आधार र कारण सरकारसँग हुनुपर्छ नै । तर, केही समयदेखि कार्यकारी >>> पृष्ठ २ मा

# लाखौं खर्चेर छिरे, हतकडी र साङ्लोमा फर्किए



पछिल्लो २ महिनामा विभिन्न बहानामा अमेरिका पुगेका २९ नेपाली डिपोर्ट भएका छन् । यस्तै, कोरिया, जापान, थाइल्यान्डलगायत अन्य देशबाट पनि नेपाली डिपोर्ट भएर फिर्ता भएका छन्

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २१ फागुन ।

अमेरिका अर्थात् सपनाको देश ! जीवनमा यहाँ एक पटक पुगौं भन्ने संसारभरिका मानिसको चाहना हुन्छ । तर, अवैधानिक रूपमा अमेरिका छिर्नु कति जोखिमपूर्ण हुन्छ ? त्यो दाङ घोराही- ६ का जागुलाल चौधरी (नाम परिवर्तन)लाई मात्र थाहा छ ।

मासिक ५ देखि ६ लाख रुपैयाँसम्म कमाउने लोभले अमेरिकाको धर्ती त उनले टेके तर त्यो कति दु:खदायी बन्यो, त्यसलाई व्यक्त गर्न अहिले उनीसँग शब्द छैन ।

अमेरिकामा काम गर्नका लागि बनाइएका गलत र फर्जी कागजी दस्तावेजलाई त्यहाँको सरकारले पहिचान गरिदियो अनि उनीसहित ८ जना सिधै नेपाल फर्काइए ।

विशेषगरी दाङ र रुकुम (पूर्व र पश्चिम)का यसरी अमेरिका छिर्नेहरू धेरै छन् । मानव बेचबिखन अनुसन्धान ब्युरोका अनुसार कानुनविपरीत अमेरिका प्रवेश गर्नेमा रुकुम पहिलो र दाङ दोस्रो स्थानमा छ । त्यसरी रुकुम र दाङका अधिकांश घरका सदस्यले अवैधानिक तवरले अमेरिकाको बाटो तय गरी त्यहाँ बसोबास र काम गर्नेगरी 'ग्रिन कार्ड'समेत हासिल गरेका गाउँलेहरू बताउँछन् । >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# परराष्ट्रमन्त्रीको अग्रसरतामा श्रम र गृहमन्त्रीको बैठक
## घरेलु कामदार खुल्लादेखि उद्धारको एकीकृत नियममा छलफल

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ फागुन ।

वैदेशिक रोजगारीमा रहेका तथा नेपाली आप्रवासनका क्षेत्रमा हाल देखिएका समस्याको समन्वयात्मक रूपमा समाधान गर्ने विषयमा आज परराष्ट्र, गृह र श्रम तथा रोजगारमन्त्रीको संयुक्त बैठक सम्पन्न भएको छ ।

परराष्ट्र मन्त्रालयको अग्रसरतामा मन्त्री डा. आरजु राणा देउवा, गृहमन्त्री रमेश लेखक, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारी र ती मन्त्रालयका सचिव सम्मिलित सो बैठकमा नेपालको श्रम तथा आप्रवासन क्षेत्रलाई थप व्यवस्थित गर्ने विषयमा छलफल भएको थियो ।

रोजगारी, अध्ययन तथा अन्य कामका सिलसिलामा नेपाली कहाँ र कसरी पुगेका छन् भन्नेबारे परराष्ट्रलाई थाहा नहुने तर उनीहरूको उद्धार गर्नुपर्ने अवस्थामा मात्र थाहा हुने भएकाले यस विषयमा छलफल गर्न मन्त्री डा. राणाले सो संयुक्त बैठक आह्वान गरेकी हुन् ।

बैठकमा मन्त्री डा. राणाले भनिन्, 'नेपाल सरकारले प्रतिबन्ध लगाए पनि कतिपय मध्यपूर्वी देशमा घरेलु कामदारका रूपमा नेपाली महिला अवैध बाटोबाट पुगेकै छन् । कुवेतमा मात्र करिब ४८ हजार नेपाली महिला पुगेका भन्ने सुनिएको छ । भोलि कोही समस्यमा परे उनीहरूको सुरक्षा तथा उद्धारको काम चुनौतीपूर्ण हुन सक्छ । त्यसैले, सरकारले यस्तो प्रतिबन्ध हटाउने विषयमा सोच्नुपर्छ ।'

मन्त्री डा. राणाले वैदेशिक रोजगारीमा रहेका अव्यावहारिक नीति तथा कानुन हटाएर सहज बनाउनुपर्ने बताउँदै भनिन्, 'सरकारले कानुनी रूपमा रोके पनि अवैध बाटोबाट नेपालीहरू आखिर पुगिरहेकै छन् भने यस्ता प्रावधान अब किन राख्ने ?'

उनले भिजिट भिसामा विदेश जान दिने प्रक्रियालाई व्यावहारिक रूपमा अनुगमन गर्न, श्रम स्वीकृतिसम्बन्धी व्यवस्थालाई सहजीकरण गर्न तथा अप्ठ्यारोमा परेका नेपाली डायस्पोराको उद्धारबारे एक स्वीकृत नियम बनाउन >>> पृष्ठ २ मा

### प्रतिष्ठानका लागि जलेश्वरमा जग्गा

**काठमाडौं/मस–** व्यावसायिक तालिममार्फत सीपयुक्त जनशक्ति उत्पादन गरी रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्यले विभिन्न कार्यक्रम संचालन गर्दै आएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत राष्ट्रिय व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानले व्यावसायिक तालिमको पहुँच विस्तार गर्ने योजना अघि बढाएको बताएको छ ।

सोही क्रममा महोत्तरीको जलेश्वरमा प्रतिष्ठानका तालिम केन्द्रहरू विस्तार गर्न जग्गा प्राप्ति गरिएको प्रतिष्ठानले जनाएको छ । मंगलबार एक विज्ञप्ति जारी गर्दै प्रतिष्ठानले श्रम बजारको मागअनुसार आवश्यकताअनुरूप प्रतिष्ठानका तालिम केन्द्रहरू विस्तार गरिने बताएको छ ।

मन्त्रिपरिषद्को निर्णयअनुसार प्रतिष्ठानको जग्गा तथा भवन व्यवस्थापनका लागि नयाँ संरचनाहरू निर्माण गरिने भन्दै प्रतिष्ठानले हाल यस प्रतिष्ठान मातहत रहेका व्यावसायिक तालिम केन्द्रहरूको >>> पृष्ठ २ मा

# विषादीको दोहोरो जोखिममा कर्णालीका किसान



बालीनाली उत्पादन गर्दा बिनातयारी रासायनिक विषादी प्रयोग गर्ने र उत्पादन भएको वस्तु उपभोग गर्ने पनि किसान हुने हुँदा उनीहरू दोहोरो जोखिममा देखिएका छन्

**■ वेदप्रसाद चौलागाईं**
**कृषि विज्ञ**

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २१ फागुन ।

बालीनालीमा शत्रु जीव व्यवस्थापन गर्न प्रयोग गरिने विषादीहरूको अत्यधिक प्रयोग र दुरुपयोगबाट सबैभन्दा बढी जोखिममा किसान (प्रयोगकर्ता) पाइएको छ । किसानहरूले अत्यधिक रासायनिक विषादीको प्रयोग गरेको भन्दै विषादीको प्रत्यक्ष रूपमा दोहोरो जोखिममा परेको किसानकै गुनासो छ ।

सुर्खेतमा आयोजित एक कार्यक्रममा सहभागीहरूले विषादीमुक्त बनाउन सरकारले खाका निर्माण गरेर अगाडि बढ्नुपर्ने सुझाव दिए । सल्यान कपुरकोटका किसान टेकबहादुर पुनले बालबालिकालाई सानैदेखि विषादीको असरबारे सचेत गराउँदै अर्ग्यानिक खेतीतर्फ अभिप्रेरित गर्न सकिएमा भविष्यमा विषादी प्रयोग न्यूनीकरण हुने बताए ।

कर्णाली प्रदेश बिउ-बीजन संघका अध्यक्ष याम शर्माले प्रदेशमा हाल प्रयोग भइरहेका ८० प्रतिशतभन्दा बढी बिउहरू विदेशबाट आयात हुने जानकारी गराउँदै बिउ उत्पादनमा आत्मनिर्भर बन्न सकेमा मात्र अर्ग्यानिक उत्पादनको दिशामा अघि बढ्न सकिने दाबी गरे ।

यस्तै, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका कृषि विज्ञ वेदप्रसाद चौलागाईंले बालीनालीमा प्रयोग गरिने रासायनिक विषादीबाट प्रत्यक्ष रूपमा प्रभावित धेरैजसो किसान नै हुने गरेका हुँदा उनीहरू विषादीको जानी नजानी दोहोरो जोखिममा परेका बताए । 'बालीनाली >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com

२२ फागुन २०८१ बिहीबार
6 March 2025, Thursday

# सुखानी शहीदका तस्बिर अंकित हुलाक टिकटमा टाँचा

**काठमाडौं/मस–** सभामुख देवराज घिमिरेले झापाको सुखानी घटनाका योद्धाहरूका तस्बिर अंकित हुलाक टिकटमा प्रथम दिवसीय टाँचा लगाएका छन् ।

झापाका किसानमाथिको शोषण र दमनका विरुद्ध विसं २०२८ मा युवा विद्यार्थीहरूले गरेको विद्रोहलाई तत्कालीन पञ्चायती शासकद्वारा दमन र धरपकड गर्ने क्रममा जेलमा राखिएकामध्ये पाँच युवालाई सुखानी जंगलमा हत्या गरिएको थियो ।

झापाको चन्द्रगढीस्थित जेलबाट इलाम लैजाने बहानामा विसं २०२९ फागुन २१ गते साँझ सुखानी जंगलमा रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल र नारायणप्रसाद श्रेष्ठलाई गोली हानी हत्या गरिएको थियो। उनीहरूको बलिदानीप्रति नेपालको कम्युनिष्ट आन्दोलनमा उच्च आदरसहित सम्मान गरिँदै आइएको छ ।

संघीय सरकारले उनीहरूलाई विसं २०७२ फागुन १९ गते शहीद घोषणा गरेको थियो । यसअघि विसं २०४६ को जनआन्दोलन पछि कृष्णप्रसाद भट्टराईको नेतृत्वमा गठित उच्चस्तरीय राजनीतिक पीडित सहायता समितिले उनीहरूका परिवारलाई राहत उपलब्ध गराएको थियो । सुखानी शहीदहरूको तस्बिर अंकित हुलाक टिकटको मूल्य रु. १० तोकिएको छ ।



हुलाक सेवा विभागद्वारा बुधबार आयोजित कार्यक्रममा सभामुख घिमिरेले नेपाली जनताको स्वतन्त्रता, समानता र हकअधिकारका लागि आवाज उठाउँदा सुखानीको जंगलमा हत्या गरिएकालाई राष्ट्रिय शहीद घोषणा गर्दै हुलाक टिकट प्रकाशनमा ल्याउनु महत्वपूर्ण कार्य भएको बताए ।

उनले भने,'मानिस स्वतन्त्र भएर बाँच्न राजनीतिक हक अधिकार, प्रजातन्त्र, लोकतान्त्र र गणतन्त्र चाहिन्छ भनी देशहित र जनताको मुक्तिका लागि जीवन अर्पण गर्ने सहिदका नाममा हुलाक टिकट प्रकाशन हुनु भनेको उहाँप्रतिको सम्मान हो ।'

सभामुख घिमिरेले सहिदको बलिदानीको जगमा राजनीतिक उद्देश्यमा मुलुकले एउटा सफलता प्राप्त गरे पनि समाजलाई उपलब्ध गराइनुपर्ने सुविधा र शासन प्रणाली स्वस्थ ढंगबाट अघि जानुपर्नेमा अनेक चुनौती देखा परिरहेका बताए ।

उनले भने,'शहीदका अधुरा सपनालाई साकार गर्न वर्तमान सरकारले पीडितका पक्षमा काम गर्न सकोस् । शहीदले राष्ट्र र जनताको हितका लागि गरेको योगदानबारे जानकारी गराउन हुलाक टिकट प्रकाशन ऐतिहासिक कदम रहनेछ ।'

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका निमित्त सचिव गजेन्द्र ठाकुरले हुलाक टिकटमा समेटिएका विषयवस्तुले भौगोलिक, जातीय र सांस्कृतिक पृष्ठभूमिलाई युगौंयुगसम्म अध्ययन र अनुसन्धान गर्न महत्वपूर्ण योगदान दिने धारणा राखे । उनले भने, 'झापाको सुखानीमा साहद प्राप्त गर्नुहुने अमर शहीदको वीरताको गाथालाई हुलाक टिकट प्रकाशन भएबाट सदासर्वदा स्मरण गराउनेछ ।'

हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई (पङ्ग्नेनी)ले हुलाक टिकटमा समेटिएका ऐतिहासिक धरोहर, सम्पदा, प्रकृति, संस्कृति, पुरातात्विक सम्पत्ति र इतिहासका विभिन्न कालखण्डमा राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान दिने व्यक्ति र व्यक्तित्वको पहिचान स्थापित हुने धारणा व्यक्त गरे । नेपाल फिलाटेलिक सोसाइटीका अध्यक्ष केदार प्रधानले हुलाक टिकटमा अंकित तस्बिरले शहीदको योगदानको देश-विदेशमा समेत पहिचान र स्मरण भइरहने विचार प्रकट गरे ।

सुखानी शहीद स्मृति प्रतिष्ठानका सदस्य गेहनाथ पौडेलले तत्कालीन पार्टीको निर्णयअनुरुप किसान र मोहीका हकहितका लागि निस्किएका झापाका युवा विद्रोह नै हालको लोकतन्त्र प्राप्तिको जग भएको भनाइ राखेका थिए । सो अवसरमा शहीदद्वय दाहालपत्नी विश्वेश्वरा र घिमिरे पत्नी जीवनलाई सम्मान गरिएको थियो ।

### रोकिएन...

बोक्सी कुप्रथा हो भनेर रोक्ने प्रयास गरेनन् । कुटपिटले बेहोस भएकी हसिनालाई श्रीमान् चुन्नीलालले भजनी प्राथमिक स्वास्थ्य चौकीमा पुर्‍याए । त्यहाँबाट धनगढी रेफर भयो । धनगढीको नवजीवन अस्पतालको आईसीयू (सघन उपचार कक्ष)मा ६ दिनसम्म राखेर उपचार भयो । हसिना बाँचिन् ।

बोक्सी भन्ने कुप्रथा हो । निमुखा नागरिकमाथि दमन गर्ने समाजको डरलाग्दो कुरीति हो । बोक्सीका नाममा अपवादबाहेक, एकल, दलित र आर्थिक रूपमा कमजोर महिलामाथि अमानवीय व्यवहार हुने गरेको छ ।

कुटपिट गर्ने, कपाल मुण्डन गर्ने, डाम्ने, जलाउने, दिसा-पिसाब खुवाउने जस्ता क्रूर र अमानवीय घटना नेपाली समाजमा एक्काइसौं शताब्दीको २ दशक नाघिसक्दा पनि रोकिएको छैन । यसकै एउटा उदाहरण हुन् हसिना ।

यस्ता घटना नेपालको ग्रामीण भेगमा अझै छ । सयौं दबिएर रहने गरेका छन् । महान्यायाधिवक्ता कार्यालयको वार्षिक प्रतिवेदनअनुसार गत आर्थिक वर्ष २०८०/०८१ मा २३ वटा बोक्सीसम्बन्धी कसुर भएका छन् । काठमाडौं उपत्यकामै बोक्सीको आरोपमा एउटा कसुर रहेको वार्षिक प्रतिवेदनमा उल्लेख छ । सबैभन्दा धेरै भने मधेश प्रदेशमा छ ।

कुल २३ वटा कसुरमध्ये मधेश प्रदेशमा मात्र १६ वटा छन् । यो ७० प्रतिशत हो । कोशी प्रदेशका ३ वटा छन् । यो १३ प्रतिशत हो । गण्डकी प्रदेशका २ वटा छन् । यो ९ प्रतिशत हो । बाग्मती प्रदेश र लुम्बिनी प्रदेशमा १/१ वटा कसुर छन् । यो ४/४ प्रतिशत हो ।

अर्थात्, लामो समयदेखि अन्धविश्वासको जगमा अडिएको बोक्सी प्रथा समाजमा जीवितै छ । एकातिर समाज शिक्षित हुँदै गएको छ । नागरिकको चेतनास्तर बढेको छ । अर्कातिर बोक्सी जस्तो कुप्रथा रोकिएको छैन ।

राज्यले निरुत्साहित गर्न ऐन/कानुन बनाएर दण्डनीय भनेको छ । तर, निराकरण हुन सकेको छैन ।

### कुलमानका...

निर्देशक कुलमानका नाममा राजनीतिक राप उत्कर्षमा पुगेको छ । सत्तापक्षले हटाउन सक्ने योजना बनाउँदै गर्दा प्रतिपक्ष दलहरू पिल्लर बनेर घिसिङको बचाउमा लागेका छन् ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले मातहतको निकायका गतिविधिबारे तालुक मन्त्रालयलाई जानकारी हुनुपर्ने भन्दै विवरण माग गरेको विषयलाई सार्वजनिक प्रचार गरेको, विद्युत् प्राधिकरणमा अध्यक्षको कार्यकक्ष बनाएको विषयमा अनावश्यक असन्तुष्टिहरु सार्वजनिक गरेको र मन्त्रालयका कामलाई नै बाधा पर्नेगरी समानान्तर गतिविधि गर्न थालेपछि घिसिङलाई स्पष्टीकरण सोधेको जनाएको छ ।

मन्त्रालयले उनलाई ४ पटकसम्म स्पष्टीकरण सोधे पनि चित्तबुझ्दो जबाफ नआएपछि उनलाई मन्त्रिपरिषद्ले निर्णय गरेर हटाउने तयारी सरकारको छ । सोही विषयलाई लिएर घिसिङका नाममा सत्तापक्ष प्रतिपक्षबीच जुहारी चल्न थालेको छ ।

'मन्त्रालय र प्राधिकरण फरक-फरक निकाय होइनन्, प्राधिकरण हामी मातहतको निकाय हो', ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले भने, 'प्राधिकरणले मन्त्रालयको समानान्तर गतिविधि गर्ने भन्ने हुँदैन, आफूले गरेका काम कारबाहीबारे मन्त्रालयलाई जानकारी दिनुपर्छ ।'

तर, मन्त्रालयले उनलाई हटाउन चलखेल नगरेको मन्त्री खड्काले स्पष्ट पारे । 'एउटा कर्मचारीलाई हटाउन सरकारले किन चलखेल गर्नुपर्छ र ? सरकारलाई आवश्यकता भएका बेला हटाउन सक्छ, आवश्यकताअनुसार कर्मचारी राख्न पनि सक्छ ।'

मन्त्री खड्काले नेपाल विद्युत् प्राधिकरणलाई योगदान पुर्‍याउनेलाई पुरस्कार र गलत गर्नेलाई दण्डित गरिने उल्लेख गरे ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले उनलाई आर्थिक वर्ष २०८०/०८१ मा गरेको कार्यसम्पादन मूल्यांकनमा शून्य अंक दिएको छ । मन्त्रालयकै सहसचिवमा जीवछ मण्डलको संयोजकत्वमा रहेको कार्यसम्पादन मूल्यांकन समितिले घिसिङलाई उक्त नम्बर दिएको थियो । घिसिङले कार्यसम्पादन करारबमोजिम प्रगति प्रतिवेदन समयमा नबुझाएकाले शून्य नम्बर दिइएको ऊर्जा मन्त्रालयका एक अधिकारीले बताए ।

'कार्यसम्पादन करार गर्दा नै सार्वजनिक संस्थानका प्रमुखको कार्यसम्पादन मूल्यांकन भदौ मसान्तसम्म बुझाउनुपर्ने भन्ने व्यवस्था थियो', ती अधिकारीले मध्यान्हसँग भने, 'उहाँले त्यो समयभित्र बुझाउनुभएन । मन्त्रालयले बारम्बार ताकेता गरेपछि पुस २५ गते मात्र ल्याउनुभयो । जाँच दिएर समयमा उत्तरपुस्तिका बुझाएन भने त्यसमा के हुन्छ ? यो घटना पनि यस्तै हो ।'

मन्त्री खड्काले समेत समयमै कार्यसम्पादन नबुझाएकाले अंक प्राप्त गर्न नसकेका भन्दै उक्त विषयलाई पुष्टि गरेका छन् । घिसिङले भने ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पेस गरेको कार्यसम्पादन मूल्यांकनमा ९८/९९ प्रतिशत अंक दाबी गरी कार्यसम्पादन सूचकांक विवरण पेस गरेका थिए ।

मन्त्रालयले केही दिनअघि सोधको प्रष्टीकरणमा घिसिङले प्राधिकरणले गरेको प्रगति नै आफ्नो मूल्यांकन भएको जबाफ फर्काएका थिए ।

कुलमान प्रकरणका सन्दर्भमा बुधबारको संसद्मा नेकपा (माओवादी केन्द्र), रास्वपा, राप्रपालगायतका दलले कुलमानलाई शून्य नम्बर दिइएकोबारे सरकारको चर्को विरोध गरेका छन् । त्यस्तै, माओवादीका प्रमुख सचेतक हितराज पाण्डे, रास्वपाका कार्यबाहक प्रवक्ता मनीष झा र राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द्र शाहीले बोल्दै कुलमानलाई हटाएर सदन र सदन चर्काउने चेतावनी दिए । 'हामी सरकारलाई खबरदार भन्न चाहन्छौं', रास्वपाका कार्यबाहक प्रवक्ता मनीष झाले भने, 'एउटा कुलमानलाई लखेट्यो भने हामी हजारौं कुलमान लिएर आउने छौं ।'

कुलमान घिसिङ जस्तो कम्पनीलाई फाइदामा पुर्‍याउनेलाई मूल्यांकन जिरोमा राखेको प्रति उनले आपत्ति जनाए । माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले विद्युत् प्राधिकरणलाई राम्रो काम गर्नेलाई कार्यसम्पादन शून्य अंक दिएको प्रति असन्तुष्टि जनाउँदै भने, 'सार्वजनिक संस्थाहरू घाटामा गइरहेका बेला, लोडसेडिङको अन्त्यदेखि अहिलेसम्म निरन्तर उचाइमा लगिरहेका बेला, निरन्तर स्पष्टीकरण सोधेर सरकारले के सोचेको हो ? त्यो विषयवस्तुका बारेमा ध्यानाकर्षण गराउँछु ।'

एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकार गठन भएको दोस्रो महिनादेखि नै कार्यकारी निर्देशक घिसिङ र सरकारबीच असमझदारी बढेको थियो । तत्कालीन अवस्थामा डेडिकेटेड ट्रंक लाइनबाट उपभोग गरेको विद्युत् बक्यौता असुल गर्नुपर्ने ठूला घरानाका व्यापारीको विद्युत् लाइन काटेपछि सरकार कुलमानमाथि खनिएको थियो । तर, अहिलेसम्म आइपुग्दा ती समस्याहरू धेरै समाधान भइसकेका छन् । अधिकांश व्यापारीहरूबाट धेरथोर बक्यौता असुल भएको छ भने केही अझै बाँकी छ । प्राधिकरणले गत आर्थिक वर्षमा १४ अर्ब ४६ करोड रुपैयाँ र यो आर्थिक वर्षको ६ महिनामा ११ अर्ब बढी नाफा कमाएको विवरण प्रस्तुत गरेको विषयसमेत विवादित बनेको छ । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले नाफाअनुसारको राज्यलाई तिर्नुपर्ने कर नतिरेर फर्जी अंकमा नाफा देखिएकाले नाफाअनुसारको कर तिर्दा प्राधिकरणलाई नाफा नहुने मन्त्रालयका एक उच्च अधिकारीले दाबी गरेका छन् ।

### लाखौं ...

'डंकी' मार्गको प्रयोग

अमेरिका गएर राम्रो जीवन बनाउन ऋण खोजेर, घरजग्गा धितो राखर भए पनि अनिश्चित यात्रामा निस्कने नेपालीहरूको संख्या ठूलो छ ।

अमेरिका पुग्न गलत र फर्जी कागजी दस्तावेजको प्रयोग गर्नेबाहेक उनीहरूसँग अर्को विकल्प थिएन । त्यसैले, उनीहरूले रोजे 'डंकी मार्ग' अर्थात् तल्लो बाटो ।

तर, दुर्भाग्य ! ६ महिनासम्म हजारौं किलोमिटर पार गरेर अमेरिका पुगेका उनीहरू सीमामा पाइला टेक्न नपाउँदै पक्राउ परे । पहिलो दिन नै हिरासतमा पुर्‍याइए । जेलको अँध्यारो पर्खालभित्र महिनौंसम्म बसे । अमेरिका प्रवेशको सपना त परै जाओस्, अमेरिकी भूमिको दृश्यसमेत उनीहरूले राम्रोसँग देख्न पाएनन् ।

'डंकी मार्ग' प्रयोग गरेर ७ पुरुष र २ महिला जंगलैजंगल, नदीमा डुब्दै, कोलम्बिया-पानामा सीमा क्षेत्रमा पर्ने कुख्यात डेरियन ग्याप पार गरेर अमेरिका पुगे ।

डेरियन ग्याप पार गरेर अमेरिका प्रवेश गर्ने क्रममा सन् २०२१ यता १३० भन्दा बढी आप्रवासीको मृत्यु भएको छ ।

तर, अमेरिकी सीमामा पुगेको पहिलो दिन नै सीमा सुरक्षा अधिकारीहरूले उनीहरूलाई नियन्त्रणमा लिए । त्यहाँ उनीहरूलाई ५ देखि ९ महिना हिरासतमा राखेपछि बुधबार अमेरिकाको टेक्सस राज्यबाट नेपाल फर्काइएको हो ।

पक्राउ परेका ८ जनालाई अमेरिकी सरकारले चार्टर्ड उडानमार्फत र बाँकी १ महिलालाई व्यावसायिक उडानमार्फत नेपाल फर्काइएको हो ।

चार्टर्ड विमानबाट फर्काइएकालाई टेक्ससबाट न्युयोर्क र अल्बानिया ट्रान्जिट हुँदै नेपाल ल्याइएको हो । नेपाली सवार चार्टर्ड विमान इन्धन भर्न अल्बानियमा १ घण्टा रोकिएको थियो ।

मानव बेचबिखन अनुसन्धान ब्युरोका प्रहरी उपरीक्षक नरेन्द्र कुँवरका अनुसार डिपोर्ट गरिएकाहरूले अमेरिका प्रवेशका लागि 'एजेन्ट' भनिने मानव तस्करलाई ४० देखि ७० लाख रुपैयाँसम्म बुझाएका थिए ।

तर, उनीहरू कसैले पनि एजेन्टको नाम सार्वजनिक गर्न मानेका छैनन् । कुँवरका अनुसार डिपोर्ट गरिएकाहरू अवैध रूपमा अमेरिका छिर्न खोजेका थिए । उनीहरूलाई ट्रम्प सरकारले नभई बाइडेन सरकारकै पालामा नियन्त्रणमा लिइएको हो । तर, ट्रम्प प्रशासनको कडा आप्रवासन नीतिका कारण उनीहरूको छिटो डिपोर्ट भएको हो ।

नेपाल फर्काइएका सबै ९ जनालाई सोधपुछपछि परिवारको जिम्मा लगाइएको छ । उनीहरूलाई नेपालसम्म फर्काउन ४ जना अमेरिकी प्रहरी पनि आएका थिए ।

#### हातमा हतकडी र खुट्टामा साङ्लो

अमेरिकी प्रशासनले उनीहरूलाई हातमा हतकडी र खुट्टामा साङ्लो लगाएर फर्काएको थियो । निष्कासनमा परेर नेपाल फर्काइएकाहरूले आफूहरूलाई जहाजमा समेत हतकडी र साङ्लो लगाएको बताएका छन् ।

डोटी घर भएकी विनिता व्यावसायिक उडानमार्फत काठमाडौं आएकी हुन् । डिपोर्टको निर्णय भएपछि आफू स्वदेश फर्किन राजी भएकाले चार्टर्ड विमानमा नपठाई व्यावसायिक उडानमार्फत आएको उनले बताइन् ।

#### कसरी पुगे अमेरिका ?

अमेरिकाबाट फर्काइएकाहरूमा दाङका ३ जना, रुकुमपूर्वका २ जना, रुकुमपश्चिमका २ जना, रोल्पाका १ जना र डोटीका १ जना छन् ।

फर्काइएकाहरू अमेरिकामा लामो समयदेखि डिटेन्सन 'अफिसियल कस्टडी'मा रहेका थिए ।

काठमाडौंबाट दुबई हुँदै युरोप पुगेका उनीहरू ब्राजिल पुगेर मेक्सिको पुगेका थिए । उनीहरू मेक्सिकोबाट सीमानाका पार गरेर अमेरिका पुगेका थिए ।

प्रहरी उपरीक्षक कुँवरका अनुसार उनीहरूले प्रतिव्यक्ति ५० लाखदेखि १ करोडसम्म खर्च गरेका छन् ।

ब्राजिलमा पुगेपछि बिचौलियाले भनेअनुसार उनीहरूले पासपोर्ट फ्याँकिदिए । त्यहाँबाट कोही विमानमा र केही सडक मार्ग हुँदै मेक्सिको पुगेका थिए । ब्राजिलबाट शरणार्थी बनेर उनीहरू अमेरिका प्रवेश गरेका थिए ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओरालेपछि अध्यागमन विभागले अध्यागमनको प्रक्रिया पूरा गरेर उनीहरूलाई मानव बेचबिखन अनुसन्धान ब्युरोको जिम्मा लगाएको थियो । ब्युरोले उनीहरूसँग सोधीखोजी गरेको छ । डिपोर्ट हुनेहरूमा सुष्मा, लक्ष्मण, सुकुमार, हिमाल, मोहन, टोपबहादुर, कमलप्रकाश र तीर्थबहादुर नामका छन् । उनीहरूको थप पहिचान खुलाइएको छैन ।

प्रहरीले उनीहरूसँग सोधपुछपछि गैरकानुनी रूपमा अमेरिका पठाउने मानव तस्करको न्याकेटसम्म पुग्ने विश्वास लिएको छ ।

#### ५० बिचौलियाको सूची

नेपालबाट अमेरिका पठाउने ५० जना बिचौलिया सक्रिय रहेका प्रहरीले जनाएको छ । प्रहरीको मानव बेचबिखन ब्युरोले बिचौलियाहरूको सूची बनाएर उनीहरूमाथि अनुसन्धान गरिरहेको छ ।

#### ६ वर्षमा २६२ नेपाली फर्काइए

अमेरिकाबाट पछिल्लो ६ वर्षमा २६२ जना नेपाली डिपोर्ट भएका छन् । २०७५ सालपछि २६२ जना डिपोर्ट (निष्कासन) भएर नेपाल आएका हुन् ।

यस्तै, सन् २०२१ देखि २०२४ सम्म विभिन्न देशबाट ४ हजार ९९६ जना निष्कासन भएर फिर्ता भएका छन् । सन् २०२५ को जनवरी र फेब्रुअरी महिनामा ४५० जना डिपोर्ट भएका छन् । गृह मन्त्रालयअन्तर्गत अध्यागमन विभागका अनुसार हरेक वर्ष डिपोर्ट भएर आउनेको संख्या बढ्दो क्रममा छ ।

पछिल्लो २ महिनामा विभिन्न बहानामा अमेरिका पुगेका २९ नेपाली डिपोर्ट भएका छन् । यस्तै, कोरिया, जापान, थाइल्यान्डलगायत अन्य देशबाट पनि नेपाली डिपोर्ट भएर फिर्ता भएका छन् ।

सन् २०२१ मा विभिन्न देश पुगेका ८८० जना नेपाली डिपोर्ट भएर नेपाल फर्किएका छन् । यस्तै, सन् २०२२ मा १ हजार १६७ जना नेपाल फिर्ता भए । सन् २०२३ मा १ हजार ४४३ जना डिपोर्ट भए । सन् २०२४ मा १ हजार ५०६ फिर्ता भएका थिए । सन् २०२५ को २ महिनामा डिपोर्ट भएर फर्कनेको संख्या पनि उल्लेख्य छ । सन् २०२५ को जनवरी र फेब्रुअरीमा ४५० जना डिपोर्ट भएर नेपाल फर्किएका छन् ।

#### के हो डिपोर्ट ?

कुनै पनि देशको अध्यागमन कानुन पालना नगरी बसेका विदेशीलाई उनीहरूकै देशमा फिर्ता गर्ने प्रक्रिया नै डिपोर्ट हो । डिपोर्ट गर्ने र हुने कारणहरू फरक हुन्छन् । तर, प्रायः कागजात नमिलेको, नक्कली कागजात पेस गरेको, भिसा समयभन्दा बढी बसेको तथा उक्त देशमा गैरकानुनी कार्यमा सहभागी भएको अवस्थामा जुनसुकै देशले जो कोहीलाई पनि डिपोर्ट गर्न सक्छ ।

डिपोर्ट गर्ने अधिकार त्यस देशलाई मात्र हुन्छ, जहाँ अन्य देशका नागरिकहरू आएर बसेका छन् । नेपालले पनि विदेशी नागरिकलाई डिपोर्ट गरेर स्वदेश फर्काएको छ । केही व्यक्तिहरूलाई उक्त देशको अदालतको आदेशअनुसार पनि डिपोर्ट गरिन्छ ।

### परराष्ट्रमन्त्रीको...

पनि सुझाव दिइन् । बैठकमा गृहमन्त्री लेखकले वैदेशिक रोजगार ऐन, २०६४ लाई समयसापेक्ष बनाइ संशोधन गर्नुपर्ने सुझाव दिँदै वैदेशिक रोजगारीका क्षेत्रमा देखिएका समस्याको समाधानका लागि परराष्ट्र मन्त्रालयले समन्वयात्मक भूमिकाको खोजी गरेकामा सराहना गरे ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री भण्डारीले श्रम कूटनीति अहिले नेपालका लागि अतिआवश्यक रहेको बताउँदै घरेलु कामदारको श्रम स्वीकृतिसम्बन्धी नवीकरण गरेर व्यावहारिक बनाउनुपर्नेमा जोड दिए । उनले हाल नेपालीहरू विश्वका ११० देशमा रोजगारीका लागि पुगेका जानकारी दिँदै घरेलु कामदारलाई मध्यपूर्वी देशमा जान रोकिए पनि अवैध बाटोबाट गइरहेकाले सोसम्बन्धी प्रावधानमा अब पुनर्विचार गर्नुपर्ने बताए । बैठकमा विविध कारणले संसारमा रहेका नेपालीलाई कुनै अप्ठयारो पर्‍यो र उद्धार गर्नुपर्ने अवस्था आयो भने त्यस्तो अवस्थामा परराष्ट्रमा रहेको सीमित स्रोत, साधन र जनशक्तिका कारण उद्धारको काम निकै कठिन हुँदै गएको विषयमा छलफल भएको थियो ।

### प्रतिष्ठानका...

प्रभावकारिता अध्ययन गरी प्रदेशस्तरमा विस्तार गर्ने तयारी थालिएको बताएको छ ।

प्रतिष्ठानका कार्यकारी निर्देशक रमेशकुमार बखतीले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले प्रतिष्ठानलाई प्रभावकारी बनाउन रणनीतिक साझेदारी तथा अन्तर राष्ट्रिय संस्थाहरूसँग समन्वय बढाउने योजना बनाएको बताउँदै दक्ष जनशक्ति उत्पादनमा केन्द्रित गर्न प्रतिष्ठानलाई आधुनिक प्रविधिमैत्री बनाउने बताएका छन् ।

### विषादीको...

उत्पादन गर्दा बिनातयारी रासायनिक विषादी प्रयोग गर्ने र उत्पादन भएको वस्तु उपभोग गर्ने पनि किसान हुने हुँदा उनीहरू दोहोरो जोखिममा देखिएका छन्', उनले भने, 'रासायनिक विषादीको अत्यधिक प्रयोग र दुरुपयोगबाट किसान तथा उपभोक्तालाई सचेतना गराई यसबाट हुने जोखिमलाई न्यूनीकरण गर्न सकेमा सरकारलाई नै फाइदा हुन्छ ।'

कृषि विज्ञ चौलागाईंले कर्णाली प्रदेश प्रांगारिक प्रदेश घोषणा भइसकेपछि किसानहरूले विषादी पाउन गाह्रो भएको गुनासो आउने गरेको बताए । उनले कृषि कार्यालयमा विषादी लिन जाँदा कर्मचारीहरूले 'हामी प्रांगारिक प्रदेश हौं, यहाँ विषादी छैन' भन्ने प्रतिक्रिया दिने गरेका गुनासो गरे । एक पटकमा विषादी हटाउन सम्भव नरहेको भन्दै क्रमिक रूपमा यसको प्रयोग न्यूनीकरण गर्दै जानुपर्नेमा उनको जोड छ ।

#### विषादीमुक्त बनाउन सप्ताहको तयारी

कर्णाली सरकारले आगामी ३ देखि ९ चैतसम्म विषादी प्रयोगमुक्त सप्ताहको तयारी गरेको छ । तर, बजेट अभावका कारण जिल्लास्तरमा प्रांगारिक कार्यक्रम प्रभावकारी रूपमा संचालन गर्न नसकिएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत एकीकृत कृषि प्रयोगशालाका प्रमुख चित्रबहादुर रोकायले बताए ।

उनले हाल सुर्खेतका सिम्ता र चिंगाड गाउँपालिका एवं भेरीगंगा नगरपालिकालाई प्रांगारिक पालिका घोषणा गरिएको उल्लेख गर्दै प्रदेशभर यस्ता कार्यक्रम विस्तार गर्नुपर्ने आवश्यकता रहेको बताए । प्रमुख रोकायले प्रदेश सरकारले आगामी दिनमा प्रांगारिक पाठशाला संचालनमा विशेष ध्यान दिन आग्रह गर्दै विषादी प्रयोगमुक्त अभियान सफल बनाउन सबै तहको सहकार्य आवश्यक रहेको बताए ।

#### विषादीसम्बन्धी ज्ञान अभाव

एकीकृत कृषि प्रयोगशालाका प्रमुख चित्रबहादुर रोकायले विषादीको सुरक्षित प्रयोगसम्बन्धी ज्ञान किसानमा नहुनु, जानकार किसान पनि लापरबाह हुनु, वैकल्पिक विधिका बारेमा ज्ञान नहुनु, भारतीय विषादी र बिउ-बीजनको बढी विश्वास गर्नुले प्रयोगकर्ता विषाक्त हुँदै गएका बताए ।

उनले सबै विषादीलाई 'कक्टेल'का रूपमा प्रयोग गर्नु, पर्खनुपर्ने अवधिबारे प्रायः किसानलाई जानकारी नहुनु, रासायनिक विषादीको विकल्प सहज रूपमा उपलब्ध नहुनुलगायतका कारणबाट पनि किसान दोहोरो जोखिम अर्थात् प्रयोगकर्ता विषाक्त हुँदै गएका बताए ।

उनले किसान, उपभोक्ता, विद्यार्थी र कृषि व्यवसायीहरूलाई विषादीको असरबारे सचेत गराउने, अर्ग्यानिक खेतीलाई प्रवर्द्धन गर्ने तथा वैकल्पिक मल प्रयोगबारे प्रशिक्षण कार्यक्रमहरू संचालन गरिने प्रतिबद्धता जनाए ।

Modi Rural Municipality
Office of Rural Municipal Executive
Patichaur, Parbat
Gandaki Province, Nepal

INVITATION FOR SEALED QUOTATION

Date of publication: B.S. 2081/11/22 (6th March, 2025)

Modi Rural Municipality, Office of Rural Municipal Executive, Patichaur, Parbat invites electronic bids from Nepalese eligible bidders for the procurement of Goods which are mentioned on following table under Sealed Quotation. All other information and bid document can be downloaded from PPMO's website **www.bolpatra.gov.np/egp.** All eligible bidders are requested to submit E-Bid only as per instruction within the mentioned period.

| S.No. | Description of works | Contract No. | Bid Doc. Fee | Minimum Bid Security Amount in Nrs. |
|---|---|---|---|---|
| 1 | Swasthe Aausadhi Kharid | 01/MRM/SQ/GOODS/2081-82 | NRs. 1,000.00 | 67,000.00 |

**Information to deposit the cost of bidding document and Bid Security in Bank.**

**For Bid Document Fee**
Name of Bank: Nepal Bank Ltd, Modi Branch
Account Name: GA 1.1-MODI GAPA Aantarik Rajaswo Khata
Account no: 32603000001001000001

For Bid Security
Name of Bank: Nepal Bank Ltd, Modi Branch
AccountName: GA 3.1-MODI GAPA STHANIYA TAHA DHARAUTI KHATA
Account Number: 32603000003001000001

**Chief Administrative Officer**

सिदिङ्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साव्लाखु–ताप्लेजुङ

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/११/२२

यस गाउँपालिको कार्यालयबाट प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रीत पूर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये मुल्यांकन समितिबाट न्यूनतम मुल्याँकित सारभूत रुपमा प्रभावग्राही देखिएको देहाय वमोजिमको बोलपत्रदातालाई स्वीकृतिका लागी छनौट गर्ने निर्णय भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा नियमावली २०६४ को नियम ५४ (क) वमोजिम सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का आई.डि. नं. | योजनाको नाम | छनौट गरिएका बोलपत्रदाता | स्वीकृत बोलपत्रको रकम (मु.अ. कर, P.S. सहित) |
|---|---|---|---|---|
| 1 | SRM/TPJ/NCB/Works/WS/081/082-01) | Mawakhola-Limbudin Khanepani Ayojana | Bajgain Construction, Gadhi-2, Sunsari | Rs.4788478.14 (Forty seven Lakh Eighty Eight Thousand four Hundred seventy eight and Paisa fourteen) |

प्रमुख प्रशासकीय अधिकृत

# मानव अधिकारको रक्षाका लागि सरकार कटिबद्ध छ : प्रधानमन्त्री



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले मानव अधिकारको रक्षा र संविधानको मौलिक हकहरूको कार्यान्वयनका लागि सरकार कटिबद्ध रहेको बताएका छन् ।

मानव अधिकार रक्षकहरूको पाँचौं राष्ट्रिय सम्मेलन एवं राष्ट्रिय मानव अधिकार तथा सामाजिक न्याय मञ्च नेपाल (मानव अधिकार एलायन्स) को छैटौं राष्ट्रिय महाधिवेशनको बुधबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले मानव अधिकारका लागि आन्दोलन गर्ने दुई ठुला दलको सहभागितामा अहिलेको सरकार बनेकाले यसले मानव अधिकारको उल्लङ्घन हुन नदिन र कानुनी शासनको पालना गर्नमा विशेष महत्व दिने स्पष्ट गरे ।

'अहिले व्यवस्थामा परिवर्तनसँगै अवस्थामा परिवर्तन भइसकेको तर फेन्सी (नक्कली) मानव अधिकारका कुरा गर्नेहरू पनि देखिएका छन् । सरोकार नभएको, अर्थ र मर्म थाहा नभएको वा थाहा पाएर पनि बोल्नका लागि बोल्नेहरू छन् । सत्य कुरा बोल्दा मानव अधिकार रक्षकहरूलाई अमानवीय धम्की दिने असामाजिक क्रियाकलाप भएका छन्', प्रधानमन्त्री ओलीले भने, 'अहिलेको सरकारले मानव अधिकार हनथकर्ताहरूलाई कानुनको दायरामा ल्याउँछ । नेपाली जनतालाई सुखी र समृद्ध बनाउनका लागि यथार्थरूपमा मानव अधिकार स्थापित हुनुपर्छ भन्नेमा हामी स्पष्ट छ । प्राकृतिक रूपमा सुन्दर र उर्वर भूमि नेपालका हरेकको नागरिकको जीवन सहज, विभेदरहित, निर्भय र शान्तिपूर्ण हुनुपर्छ भन्नेमा स्पष्ट छ ।'

नेकपा (एमाले) का अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले लोकतन्त्र प्राप्तिका लागि भएका विभिन्न आन्दोलनका शहिदहरूको त्याग र बलिदानबाट आज मुलुकमा मानव अधिकार सुनिश्चितताको स्थिति भएको उल्लेख गरे ।

पञ्चायती शासनविरुद्धको आन्दोलनका क्रममा जेल सार्ने बहानामा २०२९ आजकै दिन झापाको सुखानीको जंगलमा लगेर हत्या गरिएका शहिदहरू रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइँकेल, वीरेन राजवंशी र नारायण श्रेष्ठ तथा अन्य कालखण्डका शहिदहरूलाई सम्झँदै प्रधानमन्त्री ओलीले जनताको अधिकारका लागि लागेकालाई मुत्युदण्ड दिने त्यस्ता शासकका पक्षधरहरूले राजतन्त्र ब्युँताउने कुरा गर्नु स्वीकार्य नभएको बताए । उनले आफू स्वयंले कठोर जेल यातना भोगेकाले अहिलेको सरकारको पहिलो कर्तव्य मानव अधिकारको रक्षा हुने स्पष्ट गर्दै विश्वयुद्ध प्रारम्भ हुँदाताका नै नेपालमा मानव अधिकारको अभियान प्रारम्भ भएको स्मरण गरे ।

प्रधानमन्त्री ओलीले कागजमा लेखिएको मानव अधिकारले खान लाउन नदिने भएकाले गरिबी र भोकमा तड्पिएका बालबालिका र सबैले खाना लाउन पाउने अधिकारका लागि आफूहरूले काम गर्नुपर्नेमा जोड दिए । उनले नेपालले मुत्युदण्डको सजायको व्यवस्था नअपनाउने स्पष्ट गर्दै दोषका आधारमा कडा भन्दा कडा सजाय दिन सकिने बताए ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले एलायन्सद्वारा पहिलो पटक स्थापित १ लाख राशीको केपी शर्मा ओली मानव अधिकार तथा स्वतन्त्रता पुरस्कार वरिष्ठ पत्रकार भैरव रिसाललाई प्रदान गरे । उक्त पुरस्कार छनोटका लागि मानवअधिकारकर्मी सुशील प्याकुरेलको संयोजकत्वमा डा. विपिन अधिकारी र डा. उषा झा सम्मिलित छनोट समिति गठन गरिएको थियो ।

# कुलमान हटाउने कुनै चलखेल छैन : मन्त्री खड्का

**तनहा/मस–** उर्जा, जलस्रोत तथा सिचाइँमन्त्री दीपक खड्काले नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले निर्धारित समयभन्दा ढिला कार्यसम्पादन बुझाएकाले शून्य अंक पाएको बताएका छन् । तनहुँमा बुधबार सञ्चारकर्मीहरूसँग कुरा गर्दै मन्त्री खड्काले घिसिङको विषयमा भने, 'परीक्षामा विद्यार्थी सहभागी नहुँदा के हुन्छ ?'



सरकारले प्राधिकरणका एमडीलाई हटाउन कुनै चलखेल नगरेको र नगर्ने मन्त्री खड्काले स्पष्ट पारे । कुनैपनि कर्मचारीलाई हटाउनुपर्ने अवस्थामा सरकारले चलखेल गर्नै नपर्ने उनको भनाइ छ । आवश्यकताअनुसार कर्मचारी राख्न र हटाउन सक्ने अधिकार सरकारलाई रहेको बताउँदै उनले अहिले घिसिङलाई हटाउने सरकारको कुनै तयारी नरहेको बताए ।

आयो टप्प टिप्यो लग्यो मिति पुयो टारेर टर्दैन त्यो
इन्द्रै बिनित गरुन झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो !!

हार्दिक श्रद्धाञ्जली



जन्मः १९९३/१०/१२

स्व. गणेश बहादुर प्रजापति

स्वर्गारोहणः २०८१/११/१०

हाम्रा प्रातः स्मरणीय पुजनिय पिता **स्वः गणेश बहादुर प्रजापति**को ८९ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपुर्ण श्रदाञ्जली अर्पण गर्दछौं ।

श्रीमती : सन्त कुमारी प्रजापति

छोरा/बुहारीहरुः
राजु/देउमाया श्रेष्ठ प्रजापति
राजन/सुमित्रा गुरुङ प्रजापति
राजेन्द्र/कासी गुरुङ प्रजापति
राजेश/अरुना कार्की प्रजापति
राकेश/विनु थापा प्रजापति

छोरी/ज्वाईहरुः
मिना कुमारी/दुर्गा प्रसाद श्रेष्ठ
मञ्जु/चिज कुमार श्रेष्ठ

नतिनिहरु :
अस्मी, कञ्चन प्रजापति

नातिहरुः
सुन्दर, सुदिप, मुस्कान श्रेष्ठ
साजन प्रजापति
आरुष प्रजापति
आरभ प्रजापति
आयुन्स प्रजापति

तथा
समस्त प्रजापति परिवार
वेसीशहर–११, लमजुङ

VACANCY
ANNOUNCEMENT
A leading foreign recruitment agency is seeking the following position urgently.
Manager - 2 (Male/Female)
Receptionist - 2 (Female)
Documentation - 2 (Male/Female)
PRO/Sourcing Officer - 2 (Male/Female)
Minumum 3/4 Years experience in related field.
Salary : Negotiable for selected Candidates.
Gov. Lic. No. 1602/079/080
BRIGHT FUTURE HR SOLUTION PVT.LTD.
MAHARAJGUNJ, CHAKARPATH 03, KATHMANDU, NEPAL
Tel.: +977-1-5914623/5924632, Email: info@brightfuturehrsolution.com

साउदीमा रोजगार
कम्पनीः Hassan Abdul Al Qahtani Sons Co. for Trading & Contracting शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/११/२१ चलानी नं.: ६०२३४०२४ LT. No.: 319842

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DRILLING WORKER | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Loading And Unloading Worker | 41 | 0 | | 1000 | ३७,१५० | | | | | | | |
| 3. | Office and Facilities Cleaning Worker | 1 | 0 | | 1000 | ३७,१५० | | | | | | | |
| 4. | Roof Cleaners | 8 | 0 | | 1000 | ३७,१५० | | | | | | | |
| 5. | TRUCK DRIVER (HEAVY DRIVER) | 2 | 0 | | 1800 | ६६,८७० | | | | | | | |
| 6. | wood working machine helper | 2 | 0 | | 1200 | ४४,५८० | | | | | | | |

कम्पनीः Hassan Abdul Al Qahtani Sons Co. for Trading & Contracting शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/११/२१ चलानी नं.: ६०२३४०२५ LT. No.: 319843

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Roof Cleaners | 2 | 0 | | 1000 | ३७,१५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २९ गते (13 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

श्रम इजाजत पत्र नं. १०१२/०६८/०६९
AASTHA CONSULTING PVT.LTD
साविक (Elite Human Resource Pvt. Ltd.)
G.P.O. Box: 3451, Gongabu town planning, Kathmandu-29, Nepal. Tel: +977-1-4987995, 4989849
Mob.: 9803031722 ,9851088873, 9808875634 ,9801188873 , 9851072628
Email: aasthaconsultingnepal@gmail.com, www.asthaconsulting.com.np

"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
ईन्द्रै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती सुन्दैन त्यो"

भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति वि.सं. १९९३/१०/१२
स्व. गणेश प्रजापति
स्वर्गारोहण वि.सं. २०८१/११/१०

यस मध्यान्ह दैनिकका पूर्व कर्मचारी, नेपाल पत्रकार महासंघ एशोसिएट प्रदेशका कोषाध्यक्ष तथा एम. आर. एड्भटाइजिङ एजेन्सीका सञ्चालक राजेन्द्र प्रजापतिका पिता **गणेश प्रजापति**को ९१ वर्षको उमेरमा मिति २०८१ फागुन १० गते असामयिक निधन भएको आज १३औं दिनको पुण्य तिथिमा स्वर्गीय प्रजापतिप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं !

सीतादेवी श्रेष्ठ
प्रकाशक

मदनकुमार श्रेष्ठ
सम्पादक

तथा
मध्यान्ह
Madhyanha National Daily
www.madhyanhadaily.com | Madhyanha TV | Madhyanha News

युएईमा रोजगार
कम्पनीः AL SARH TECHNICAL WORKS LLC शहरः ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/११/१९ चलानी नं.: ६०२३३९७५ L.T. No.: 319675

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Painter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Painter Helper | 5 | 0 | | 1200 | ४५,५२८ | | | | | | | |
| 3. | Electrical Engr/wtp Specialist | 7 | 0 | | 5000 | १८९,७०० | | | | | | | |
| 4. | Engineering Technician | 6 | 0 | | 5000 | १८९,७०० | | | | | | | |
| 5. | General Construction Carpenter | 3 | 0 | | 1200 | ४५,५२८ | | | | | | | |
| 6. | House-builder | 1 | 0 | | 1200 | ४५,५२८ | | | | | | | |
| 7. | Light Technician | 12 | 0 | | 1200 | ४५,५२८ | | | | | | | |
| 8. | Male Tile Layer | 10 | 0 | | 1200 | ४५,५२८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २८ गते (12 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

TARGET CONSULTANTS HUMAN RESOURCES (P) LTD.
टार्गेट कन्सलटेन्ट ह्युमन रिसोर्स प्रा. लि.
श्रम ईजाजत पत्र नं. ८३३/०६६/०६७
सिनामंगल, शम्भु मार्ग काठमाडौं, फोनः ०१-४४७८७३७, ४४६४०८२, Email: info@targetnepal.com
माथि उल्लेखित विज्ञापन मिति २०८१/११/२१ गते प्रकाशित हुनुपर्नेमा प्राविधिक कारणवस प्रकाशित नभएकाले आजको मितिमा प्रकाशित गरिएको छ ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transportation
Department of Roads

## Pushpalal (Mid hill) Highway Project Office Directorate

### Pushpalal (Mid Hill) Highway Project Office, Dailekh

## Invitation for Bids

**Notice No: 02-081/82**

**First Date of Publication: 2081/11/22 (6th March, 2025)**

1. Puspalal (Mid-Hill) Highway project office, Dailekh invites electronic bids from the eligible bidders for the following works under National Competitive bidding.

| S. N. | Contract No | Description of Works | Estimate amount with VAT and PS | Bid Security Amount |
|---|---|---|---|---|
| 1 | MHHPODLKH/ 337011144/081/82-04 | Roadway Up gradation and Maintenance Works of DailekhBazzar to Chaktra Road section (Chainage 0+000 - 20+000) in Dailekh District. | NRs.17,872,913.04 | NRs.4,50,000 |
| 2 | MHHPODLKH/ 337011144/081/82-05 | Maintenance Works along Chaktra to Ramaghat Road section (Chainage 20+000 - 48+000) in Dailekh District. | NRs.1,83,81,208.18 | NRs.4,60,000 |
| 3 | MHHPODLKH/ 337011144/081/82-06 | Maintenance Works along Ramaghat to ChinneKhola Road section(Chainage 48+000 - 56+000) in Dailekh District. | NRs.1,18,35,890.92 | NRs.3,00,000 |
| 4 | MHHPODLKH/ 337011144/081/82-07 | Traffic Safety Works along Different Section of Dailekh Bazzar to Chinne Khola Road section in Dailekh District. | NRs.1,94,17,281.88 | NRs.4,90,000 |
| 5 | MHHPODLKH/ 337011144/081/82-08 | Roadway Maintenance Works along Thatikhan- Mangalsen (Ch 32+000 to Ch 49+000) Road section in Achaam District. | NRs.1,93,12,578.93 | NRs.4,90,000 |
| 6 | MHHPODLKH/ 337011144/081/82-09 | Roadway Maintenance Works along KachrauteKhola Pul to Bayalpata Road Section in Achham District. | NRs.1,73,01,022.71 | NRs.4,35,000 |
| 7 | MHHPODLKH/ 337011144/081/82-10 | Traffic Safety Works along Thatikhan-Mangalsen and Kacharaute-Bayalpata Road section in Achham District. | NRs. 1,67,91,142.28 | NRs.4,20,000 |
| 8 | MHHPODLKH/ 337011144/081/82-11 | Landslide Protection Work, Roadway Maintenance Works and Hume Pipe Construction near Thulasen (Ch 37+100), Belkhet – Mangalesn Road Section of Midhill-Highway in Achham District | NRs.87,01,265.78 | NRs.2,20,000 |

2. Bid fees is Rs.3000 and Validity of bid security is 120 days.
3. All bidders must submit their bids electronically. Electronic bids must be submitted through PPMO's e-GP system https://www.bolpatra.gov.np/egp on or before 12:00 Noon, on 2081/12/25 (7th Apr, 2025). The detailed electronic bid submission procedure is as e-GP directives of PPMO. All Further information can be obtained from *Pusphalal (Mid Hill ) Highway Project Office*, Dailekh.

**Project Chief**

मध्यान्ह
www.madhyanhadaily.com



## सम्पादकीय

# जिम्मेवार पत्रकारिताको सवाल

वर्तमानको नेपाली पत्रकारिताबारे निकै गहन चिन्तन, चिन्ता र चासो देखिएको छ । राज्यको चौथो अंगका रूपमा लिइएको, समाजको आँखा र कान अनि मुख तीनै थोक मानिएको, समाजको पहरेदार र ऐना पनि भनिँदै आएको मिडियाको विगत र वर्तमानलाई केलाउने हो भने वर्तमानको नेपाली मिडिया निकै अराजक, अनुशासनहीन र अमर्यादित बन्दै गएको हो कि भन्ने विषय पनि अन्यथा होइन । समग्र समाज र राज्यलाई नै प्रभावित पार्न सक्ने सामर्थ्य आज पत्रकारितामा छ । पत्रकारिताले समाज वा राज्यलाई कुन बाटोमा हिँडाउने भन्नेमा अर्थपूर्ण भूमिका खेल्न थालेको छ । यस अवस्थामा पत्रकारिताबारे चासो र चिन्तन अन्यथा होइन ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि अत्यन्त फस्टाएको क्षेत्र संचार क्षेत्र हो । बहुदल आएको झण्डै १ दशकको अवधिभित्रै नेपालमा हरेकजसो जिल्लामा होइन, गाउँगाउँमै रेडियो, पत्रपत्रिका संचालन हुने स्थिति बन्यो । त्यसमाथि सामाजिक संजालको आगमन र बढ्दो प्रयोगका कारण नेपालको संचार क्षेत्र यति विस्तृत बन्यो कि केही समयअघिसम्म कसैले कल्पनै गरेको थिएन । हो, यही अवस्थामा आएका युट्युब, फेसबुक, ट्वीटर (एक्स) आदि सबै 'मिडिया'भित्र रहन चाहे । र, यी 'मिडिया'मा स्टाटस लेख्ने, भिडियो अपलोड गर्नेदेखि चर्को स्वरमा कसैलाई गालीगलौज गर्नेसम्म 'पत्रकार' बन्न थाले । पत्रकारले के गर्छ ? र संचारकर्मीले के गर्छ ? अर्थात् संचारकर्मी को हो र पत्रकार को हो भन्ने नेपाली समाजमा बुझ्न र बुझाउन नै नसकिएको अवस्था भयो । हरेक पत्रकार संचारकर्मी हुन् तर हरेक संचारकर्मी पत्रकार होइनन् । पत्रकारले तथ्य लेख्छ, यथार्थ बोल्छ र आमजनलाई सुसूचित गराउँछ । संचारकर्मीले सूचना र जानकारी दिन सक्छ तर अव्यवस्थित तवरले । लाउड स्पिकरमा चर्को स्वर बनाएर पनि संचार गर्न सकिएला तर पत्रकारिता त्यसरी गर्न सकिँदैन ।

यदि व्यावसायिक मूल्य र मान्यता नबुझेको, पत्रकारिता र मिडियाको शक्ति र सीमा अनि यसका सकारात्मक र नकारात्मक असरबारे नजानेको व्यक्तिले कुनै अमूक मिडियाले सिफारिस गरेकै भरमा सूचना विभागको कार्ड लिएर वा नलिई जथाभावी लेख्ने र बोल्ने हो भने नेपाली पत्रकारिताको अवसान त्यहीँबाट सुरु हुन्छ । सुन्निनु वा बढ्नु स्वस्थ हुनु होइन । नेपाली मिडिया/ पत्रकारिता पछिल्लो समय विकसित र व्यापक भएको होइन, सुन्निएको हो । हामीकहाँ अघि नै मिडियालाई नियमन गर्ने ऐन, कानुनहरू छन् । कानुन र ऐन बाध्यकारी हो, जसको उल्लंघन नभए दण्ड, सजाय र जरिमाना बेहोर्नुपर्छ व्यक्तिले । ३० वर्षयताको स्वतन्त्र र खुल्ला राजनीतिक वातावरणमा, आमसंचारमैत्री संविधान, कानुन र ऐनहरू निर्माण गरिए पनि त्यसअनुसार नेपाली पत्रकारिता कतिको स्तरीय, अनुशासित, मर्यादित, जिम्मेवार र अनुशासित बन्यो ? यही कारण त पत्रकारिता गर्छु भन्नेले अब लाइसेन्स लिएर मात्र गर्न पाउने व्यवस्थाको खाँचो परेको हो । यसका लागि प्रेस काउन्सिल नेपाल जस्ता नियमनकारी निकायको अग्रसरता आवश्यक देखिएको छ ।

# नयाँ बजेटमा समावेश हुनुपर्ने एजेन्डा

अग्रलेख



● शंकरमान सिंह

आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट लेखन सुरु हुँदै छ, जसका लागि अर्थ मन्त्रालयले क्रमागत रूपमा कार्यक्रमहरू अघि सारेको छ । मूलभूत रूपमा बजेट लेखनका लागि मार्गदर्शनसहित लेखन समिति तयार भइसकेको छ ।

यस पटकको बजेट केही फरक बनाउने प्रयासमा अर्थ मन्त्रालय देखिन्छ । प्राप्त बजेट सीमाभित्र रहेर वार्षिक कार्यक्रम तथा बजेट प्रस्ताव गर्नुपर्ने, कार्यान्वयनका क्रममा सामान्यतयाः रकमान्तर र कार्यक्रम संशोधन गर्न नपर्नेगरी यथार्थपरक बजेट प्रस्ताव गर्नुपर्ने, आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० अनुकूल हुनेगरी कार्यक्रम तथा आयोजना प्रस्ताव गर्नुपर्ने देखिन्छ ।

आयोजनागत विनियोजनको न्यूनतम सीमासमेत सोहीबमोजिम कायम गर्नुपर्ने हुन्छ साथै विनियोजन दक्षता कायम गर्न आयोजनाको उद्देश्यसँग प्रत्यक्ष सम्बन्धित क्रियाकलापमा मात्र बजेट प्रस्ताव गर्नुपर्ने छ ।

एकै प्रकृतिका क्रियाकलाप विभिन्न उपशीर्षक तथा कार्यक्रममा समावेश भएकामा आगामी आ. व.देखि त्यस्ता क्रियाकलापलाई एकीकृत गरी व्यवस्थित गर्नुपर्ने छ । नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा पूर्वतयारी पूरा भएका तथा लागत लाभ विशेषणबाट कार्यान्वयनयोग्य देखिएका गुणस्तरीय आयोजना मात्र समावेश गर्नुपर्ने छ ।

हाल कार्यान्वयनमा रहेका आयोजनाहरू आगामी आ. व. मा सम्पन्न हुने भए त्यसका लागि पर्याप्त बजेट विनियोजन गरिसकेपछि मात्र नयाँ कार्यक्रम तथा आयोजनालाई बजेट प्रस्ताव गर्नुपर्ने छ । सीमित स्रोतको उपलब्धिमूलक उपयोग गर्न स-साना आयोजनामा स्रोत छर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने छ ।

क्रमागत आयोजनाको संख्या घटाउने, कार्यान्वयन हुन नसक्ने तथा कम प्राथमिकताका आयोजना स्थगन गरी कार्यान्वयनयोग्य आयोजना मात्र प्रस्ताव गर्ने व्यवस्था मिलाउनुपर्ने छ । आयोजना प्रस्ताव गर्दा राष्ट्रिय योजना आयोगको आयोजना बैंकमा प्रविष्ट भएका आयोजना मात्र समावेश गर्नुपर्ने छ ।

अध्ययन पूरा नभएका नयाँ आयोजनामा कार्यान्वयनका लागि बजेट विनियोजन नहुने हुँदा त्यस्ता आयोजनाको अध्ययन तथा तयारी कार्यका लागि मात्र बजेट प्रस्ताव गर्नुपर्ने छ । यसरी स्रोत सुनिश्चितता नगरी नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न पाइने छैन । चालू कार्यक्रम तथा आयोजनाको हालसम्मको कार्यान्वयन अनुभवका आधारमा पुनर्संरचना तथा एकीकृत गर्नुपर्ने देखिए त्यसबमोजिम गरी व्यवस्थित एवं उपलब्धिमूलक बनाउनुपर्ने छ । आयोजना प्रस्ताव गर्दा अन्तरतह तथा अन्तरमन्त्रालय दोहोरोपना नपर्ने सुनिश्चित गर्नुपर्ने छ ।

अर्थ मन्त्रालयले स्रोत समितिको निर्णयबमोजिम राष्ट्रिय योजनाबाट प्राप्त भएको बजेटको सीमाभित्र रहेर चालू, पुँजीगत, वित्तीय व्यवस्था तथा अन्तरसरकारी वित्त हस्तान्तरणको मन्त्रालयगत सीमा तथा प्रदेश र स्थानीय तहका लागि वित्तीय हस्तान्तरणको सीमा उपलब्ध गराएको छ । साथै, विपद् संवेदनशीलताका आधारमा जोखिम न्यूनीकरण गर्नेगरी अन्तर निकाय समन्वय कायम गर्नुपर्ने छ । विपद्पछिको पुनर्निर्माण कार्यलाई प्राथमिकता दिई बजेट प्रस्ताव गर्नुपर्ने छ । वैदेशिक सहायताको बजेट प्रस्ताव गर्दा कार्यान्वयनमा रहेका तथा नयाँ आयोजनाहरूको कार्यान्वयन तालिकासँग मेल खानेगरी पर्याप्त रकम प्रस्ताव गर्नुपर्ने छ ।

साथै, सहायता सम्झौताअनुरूपका आयोजना तथा क्रियाकलापमा भुक्तानीको तरिकासमेत मिल्नेगरी आवश्यक बजेट प्रस्ताव गर्नुपर्ने छ । सम्झौतामा व्यवस्था भएअनुरूप समपूरक कोषका लागि आवश्यक बजेट प्रस्ताव गर्नुपर्ने छ । अर्थ मन्त्रालयबाट स्रोत सहमति प्राप्त आयोजना र कार्यक्रमलाई आ. व. २०८२/०८३ मा सिर्जना हुने दायित्व भुक्तानी गर्न पुग्ने रकम छुट्टयाएर मात्र अन्य आयोजना तथा कार्यक्रममा बजेट प्रस्ताव गर्नुपर्ने छ ।

